नेपाल सरकार

# रक्षा मन्त्रालय

मिति: २०८३/०३/०५

## मन्त्रालयबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण

**आ. व. २०८२/८३** **महिना: जेठ**

### क. प्रशासन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **कर्मचारी प्रशासन शाखा** | - यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको २०८३ वैशाख मसान्तसम्मको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- नेपाली सेनाबाट सिफारिस भई आए बमोजिम नियमित बढुवा, मानार्थ बढुवा, पदावधी थप, सरूवा र राजीनामा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा ३ जना, मानार्थ बढुवा २ जना, पदावधी थप १ जना सरूवा १० जना र राजीनामा ११ जना), |
| २. | **शासकीय सुधार तथा मानव संसाधन विकास शाखा** | - मन्त्रालयले निजामती कर्मचारीतर्फ १ जना र नेपाली सेनातर्फ (सकलदर्जा) ७१ जना (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप/कार्यक्रम, भ्रमण) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको तथा स्वदेशमा निजामती कर्मचारीतर्फ १ जनाको तालिममा मनोनयन गरिएको,<br>- मिति २०८३ जेष्ठ २९ गते रक्षा मन्त्रालयका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित शासकीय सुधार एकाइको बैठक मन्त्रालयका महाशाखा तथा शाखा प्रमुखहरुको उपस्थितिमा बसेको, |

## ख. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | योजना तथा सैनिक कल्याण शाखा | - मिति २०८३/०२/१८ गते राष्ट्रिय सुरक्षा परिषद्को सचिवलायमा राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयनको एकीकृत कार्ययोजनको प्रगति विवरण उपलब्ध गराइएको,<br>- मिति २०८३/०२/२८ गते बेनिघाट आरुघाट लार्के भन्ज्याङ सडक निर्माण आयोजनाअन्तर्गत जगत्देखि लार्के भन्ज्याङसम्मको सडकको ट्र्याक निर्माण एवम् स्तरोन्नति कार्यका लागि वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण प्रतिवेदन (SD) र कार्यसूची (TOR) को बुकलेट र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट प्राप्त वातारणीय प्रभाव मूल्याङ्कन अध्ययन सहमति पत्र स्वीकृति लागि कृषि, वन तथा पर्यावरण मन्त्रालयमा पठाइएको,<br>- मिति २०८३/०२/२८ गते Dump Trucks पैठारी सहजीकरण सम्बन्धमा अर्थ मन्त्रालयमा पत्राचार गरिएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना अन्तर्गत कार्य सहमति (६७ जना) का लागि अध्यागमन विभाग, श्रम इजाजत (६५ जना) का लागि श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र गैरपर्यटक भिसा (३८ जना) का लागि अध्यागमन विभागमा पत्राचार गरिएको,<br>- वैशाख महिनाको माइलस्टोन प्रगति र मासिक सूचकको आधारमा प्रगति एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- मिति २०८३/०२/२९ गते यस मन्त्रालय र अन्तर्गत निकायहरुबाट आ.व. २०८३/८४ मा सञ्चालन हुने प्रस्तावित कार्यक्रम र शीर्षकगत विनियोजनसहितको पुस्तिका संघीय संसद सचिवालयमा पठाइएको,<br>- यस मन्त्रालयको आगामी आ.व. २०८३/८४ को वार्षिक कार्यान्वयन कार्ययोजना (Milestone) सूचक एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरिएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| २. | **शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा** | - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा १५ जना रथीवृन्द/अधिकृतहरुको मनोनयन स्वीकृत तथा ४ जनाको विशेष राहदानी सिफारिस गरिएको,<br>- क्यानडा सरकारले नयाँ दिल्लीमा आवासीय रहने गरी नेपालका लागि गैर-आवासीय सैनिक सहचारी (Defence Attaché) पदमा Colonel Stephen Lawrence Mackenzie लाई नियुक्त गर्न प्रस्ताव गरेको सम्बन्धमा मिति २०८३/०२/२० (सचिवस्तर) को निर्णय अनुसार सकारात्मक राय श्री परराष्ट्र मन्त्रालयमा उपलब्ध गराइएको,<br>- संयुक्त राष्ट्र संघ अन्तर्गतका विभिन्न शान्ति कार्य मिसनहरुमा मिति २०८२ चैत्र १३ गते (तदनुसार २७ मार्च २०२६) सम्म नेपालले भुक्तान गर्न बाँकी रकम अमेरिकी डलर ४०,१०१।- (चालिस हजार एक सय एक मात्र) मध्ये नेपालको क्रेडिट रकम अमेरिकी डलर १८६९।- (एक हजार आठ सय उनान्सत्तरी मात्र) कट्टी गरी जम्मा रकम अमेरिकी डलर ३८,२३२।- (अठतिस हजार दुई सय बत्तिस मात्र) भुक्तानीको लागि मिति २०८३/०२/२९ (सचिवस्तर) को निर्णयानुसार श्री महालेखा नियन्त्रकको कार्यालयमा पत्राचार गरिएको, |
| ३. | **सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा** | - नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं. २ अन्तर्गत यस मन्त्रालयबाट गरिने १० वटा सुधारका कार्य तथा मन्त्रालयसँग सम्बन्धित अन्य कार्यहरूको प्रगति विवरण प्रत्येक हप्ताको बिहिबार तथा मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२/१२/२५ गते प्राप्त पत्रानुसार **"सिंहदरबारमा आज"** कार्यक्रममा यस मन्त्रालयबाट प्रत्येक दिन सम्पादन गरिएका मुख्य |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | २ (दुई) कार्य सङ्कलन गरी **Google Docs** मार्फत रिपोरिङ गर्ने गरिएको,<br>- राष्ट्रिय सूचना आयोगको सूचना माग गर्ने पोर्टल (https://rtims.gov.np/) बाट प्राप्त सूचना माग गर्ने निवेदकलाई मिति २०८३/०२/२१ मा सूचना उपलब्ध गराइएको (१ वटा),<br>- विपद् व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार समन्वय, सहजीकरण, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने गरिएको,<br>- मन्त्रालयबाट २०८३ वैशाख महिनामा भए गरेका कार्यहरू रहेको प्रगति विवरण तयार गरी मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) मा राखिएको,<br>- मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको मासिक तथ्याङ्क (वैशाख महिनाको GIOMS रिपोर्टमा आधारित) तयार गरिएको,<br>- मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) नियमित अद्यावधिक गरिएको, |

## ग. कानून महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **कानून तथा फैसला कार्यान्वयन शाखा** | - **सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३** स्वीकृत भई मिति २०८३/०२/२१ को नेपाल राजपत्रमा सूचना प्रकाशन भई कार्यान्वयनमा आएको,<br>- **राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापन** सम्बन्धी विधेयकको मस्यौदामा विश्वविद्यालय अनुदान आयोग, शिक्षा तथा खेलकुद मन्त्रालय र अर्थ मन्त्रालयबाट राय/परामर्श तथा सहमति प्राप्त भई तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने चरणमा रहेको,<br>- **राष्ट्रिय सेवा दल सम्बन्धी विधेयक** संघीय संसदमा दर्ता गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिष्‌दमा प्रस्ताव पेश गरेकोमा मन्त्रिपरिष्‌दको विधेयक समितिमा छलफल सम्पन्न भएको,<br>- नेपाली सेनाका सैनिक व्यक्तिहरूको बढुवा, मानार्थ बढुवा र राजीनामा लगायत विषयमा कानूनी राय/परामर्श पेश गरिएको (७ वटा), |
| २. | **मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा** | - हेलो सरकार पोर्टलमार्फत जेठ महिनामा प्राप्त नेपाली सेनासँग सम्बन्धित २२ वटा गुनासोहरू गुनासो व्यवस्थापनका लागि नेपाली सेना, जङ्गी अड्डामा पत्राचार गरिएको र नेपाली सेनाबाट प्राप्त भएको १ वटा गुनासोको जवाफ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको हेलो सरकारमा पठाइएको,<br>- आ.व. २०८०/८१ का ४ वटा, आ.व. २०८१/८२ का १० वटा र आ.व. २०८२/८३ का ४६ वटा गुनासोहरूको जवाफ प्राप्त नभएको हुँदा नेपाली सेनामा ताकेता गरिएको र सो मध्ये प्राप्त भएको २२ वटा गुनासोहरूको जवाफ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको हेलो सरकारमा पठाइएको,<br>- श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, गृह मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | तथा आपूर्ति मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्रमार्फत प्राप्त ६ वटा उजुरी तथा गुनासो नेपाली सेनामा पत्राचार गरिएको,<br>- नेपाली सेनाको जबरजंग गणले संरक्षण गरिरहेको बर्दिया राष्ट्रिय निकुञ्ज, रोल्पाको लिवाङ स्थित श्री सूर्यदल गण र प्युठानको खंलगा स्थित श्री बर्द बहादुर गणको मिति २०८३ वैशाख २७ गतेदेखि जेठ ०२ गतेसम्म अनुगमन गरिएको, |

## घ. व्यवस्थापन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा** | - सुरक्षा प्रबन्ध (३ पटक), हेलिकप्टर उपलब्ध सम्बन्धमा (१३ पटक) तथा ड्रोन उडानको सहमति (३ वटा) दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायहरूसँग निरन्तर सहजीकरण गरिएको,<br>- यस वर्षको गणतन्त्र दिवस मनाउने सन्दर्भमा रक्षा मन्त्रालयका श्रीमान् सचिव केदारनाथ शर्माको संयोजकत्वमा सांस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन उपसमितिको बैठक सञ्चालन गरिएको,<br>- सार्वजनिक खरिद व्यवस्थापन तथा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मा डिजिटल सिग्नेचरको प्रयोग सम्बन्धी २ कार्यदिनको क्षमता विकास तालीम सञ्चालन गरिएको,<br>- मन्त्रालयमा पुलमा रहेका सवारी साधनको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- मुगु जिल्लाको सरकारी जग्गा नेपाली सेनाको नाममा उपयोगको लागि सिफारिस सहित पत्राचार गरिएको,<br>- एसी र फर्निचर खरिद भइ माग बमोजिम जडान गरिएको, |
| २. | **आर्थिक प्रशासन शाखा** | - संघीय संसद, प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको मिति २०८३ जेठ २९ गते बसेको बैठकमा महालेखापरीक्षकको कार्यालयको त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८३ मा औंल्याइएका रक्षा मन्त्रालयसम्बन्धी विषयहरूमा छलफल गरिएको,<br>- २०८३ जेठ महिनासम्म चालु खर्च ६३.७५% र पुँजीगत खर्च ६७.६६% भएको, |

| | | |
|---|---|---|
| ३. | **खरिद व्यवस्थापन शाखा** | - विभिन्न ४ (चार) वटा जलविद्युत आयोजना तथा १ (एक) सडक आयोजनाका लागि आवश्यक विष्फोटक पदार्थको खरिद/आयात, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको,<br>- नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महशुल छुटका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरिएको संख्या ४ (चार) वटा, |